मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

श्रीअन्तु प्रकाशन (प्रा.)लि.

२६ औं वर्षमा Purwanchal National Daily

◆ वर्ष : २६ ◆ अङ्क : २०४ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०७८ असार २ गते बुधवार (Wednesday, June 16. 2021) नेपाल सम्वत् ११४१ Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/– भारतमा भारु. : ४/–

**सूचना**

बालबालिकामाथि हिंसा, दुर्व्यवहार भएको घटना लुकाउनु भनेको बालबालिकालाई अझ बढी जोखिममा पार्नु हो, तुरुन्त उजुरी गरौं, बालबालिकाको संरक्षण गरौं ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रशारण विभाग

## कमलमा ६ किलोमिटर सडक कालोपत्रे



**उमानाथ भण्डारी**

**कमल, असार १।** झापाको कमल गाउँपालिकामा चालू आर्थिक वर्षमा ६ किलोमिटरभन्दा बढी सडक कालोपत्रे भएको छ ।

चालूआर्थिक वर्षमा मात्र गाउँपालिकाका निर्माण भएका सडक अन्तर्गत वडा नम्वर ४स्थित चुलाचुली मोड हुँदै डाँफे चोक सम्म जाने कृषि सडकमा ३ हजार ३८० मिटर सडक कालोपत्रे गर्ने काम सम्पन्न भएको छ । त्यस्तै वडा नम्वर ३मा साम्रको मिल, बगानेटोल हुँदै क्याम्पासम्म जाने सडमा १ हजार १ सय मिटर तथा वडा नम्वर ५ स्थित नमूना चोकको सडकमा १ हजार २३० मिटर र बाँकी ७ सय मिटर सडकमा कालोपत्रे गर्ने काम सम्पन्न भएको गाउँपालिकाका इञ्जिनियर सागर यादवले जानकारी दिए ।

तत्कालीन तोपगाछी र लखनपुर गाउँ विकास समिति मिलेर कमल गाउँपालिका गठन भएको हो । यो गाउँ पालिका ९७ दशमलव ४४ वर्ग किलो मिटरमा फैलिएको छ ।

यति ठूलो क्षेत्रफलमा फैलिएको गाउँपालिकामा जनप्रतिनिधि आएपछि मापदण्ड पुगेका सडकलाई कालोपत्रे गर्नेकामलाई प्राथमिकता दिएपछि यति धेरै सडकमा चालू आर्थिक वर्षभित्रै कालोपत्रे गर्ने काम सम्पन्न भएको कमल गाउँपालिकाकी अध्यक्ष मेनुका काफ्लेले बताइन् ।

गाउँपालिकाको विकासको मुख्य आधार भनेकै सडक सञ्जाल हो । जहाँ सडक त्याहाँ विकास भन्ने उक्तिलाई साकार पार्न जनप्रतिनिधि आएपछि सडक निर्माणलाई पहिलो प्राथमिकतामाराखेर काम शुरु गरिएको थियो । त्यसैको फलस्वरुप कमल गाउँपालिकामा यतिधेरै कालोपत्रे सडक निर्माण गर्न सफल भएको अध्यक्ष काफ्लेले बताइन् ।

त्यसैगरी गाउँपालिकामा रहेका सडक अन्तर्गत कालोपत्रे वाहेक २० किलोमिटर सडकमा समेत उच्चस्तरीयको ग्राभेल गर्ने काम सम्पन्न भएको इञ्जिनियर यादवले बताए ।

# प्रदेश १ को बजेट ३२ अर्ब ४७ करोड

**झापा, असार १।** प्रदेश १ सरकारले आगामी आर्थिक वर्ष २०७८/०८९का लागि ३२ अर्ब ४६ करोड ९२ लाख रुपैयाँको बजेट प्रस्तुत गरेको छ ।

आर्थिक मामिला तथा योजना मन्त्री टङ्क आङ्बुहाङले मंगलवार प्रदेशसभा बैठकमा बजेट पेश गरेका हुन् । चालू आर्थिक वर्षका लागि सरकारले ४० अर्ब ८९ करोड ९९ लाख ४७ हजारको बजेट प्रदेश ल्याएको थियो । तर, उक्त बजेट करिब २८ अर्बमा खुम्चिएको अनुमान मन्त्री आङ्बुहाङले गरे ।

गतवर्षको भन्दा करिब आठ अर्ब कमको बजेट प्रदेश सरकारले ल्याएको हो । बजेटमा चालूतर्फ १४ अर्ब १६ करोड १५ लाख र पूँजीगततर्फ १५ अर्ब ५ करोड ३५ लाख बजेट विनियोजन गरिएको छ । यस्तै स्थानीय तहतर्फको वित्तीय हस्तान्तरणका लागि ३ अर्ब २२ करोड ४२ लाख विनियोजन गरिएको छ भने वित्तीय व्यवस्थातर्फ ३ करोड विनियोजन गरिएको छ । सरकारले आन्तरिक स्रोतबाट ४ अर्ब ९ करोड ७७ लाख र राजश्व बाँडफाँटबाट रु ९ अर्ब ८१ करोड ६६ लाख प्राप्त हुने अनुमान प्रस्तुत गरेको हो । यस्तै चालू वर्षको २ अर्ब बचत हुने अनुमान छ ।

**केके छन् कार्यक्रम ?**

प्रदेश सरकारको बजेट वक्तव्यमा क्षेत्रगत कार्यक्रमहरूका लागि छुट्याइएको कुल रकम उल्लेख भए पनि कार्यक्रमगत बजेट तोकिएको छैन । आवास तथा भौतिक पूर्वाधार विकासका लागि १३ अर्ब २१ करोड बजेट छुट्याइएको छ ।

प्रादेशिक गौरवको आयोजना अन्तर्गत विराटनगरको



घिनाघाटदेखि विराट चोकसम्मको निर्माणाधीन सडकका लागि ५ अर्ब २१ करोड र मुख्यमन्त्री ग्रामीण सडक आयोजनाका लागि ३२ करोड रकम विनियोजन गरिएको छ।

स्वास्थ्य क्षेत्रमा ३ अर्ब २५ करोड र शिक्षा क्षेत्रको पूर्वाधार विकासमा १ अर्ब १९ करोड बजेट छुट्याइएको छ । युवा तथा खेलकुदको क्षेत्रमा मुख्यमन्त्री युवा उद्यमशीलताका लागि १० करोड रकम विनियोजन गरिएको छ ।

समग्र कृषि क्षेत्रमा २ अर्ब ९० करोड रकम विनियोजन गरेको प्रदेश सरकारले आगामी वर्षदेखि शुरु हुने 'मेरो कृषि मेरो गौरव' कार्यक्रमका लागि ५ करोड ७२ लाख विनियोजन गरेको छ ।

उद्योग वाणिज्यको क्षेत्रमा १८ करोड बजेट छुट्याइएको छ । पर्यटन क्षेत्रमा ३ करोड ३ लाख बजेट विनियोजन गरिएको छ । मुलुककै होचो भूभाग केचनाकवलदेखि सगरमाथासम्मको उत्तर-दक्षिण पर्यटन द्रुतमार्ग निर्माणका लागि नीति तथा वैदेशिक लगानीको खोजी गरिने मन्त्री आङ्बुहाङले जनाए । ऊर्जा तथा सिंचाई क्षेत्रमा ३ अर्ब १५ करोड रुपैयाँ विनियोजन गरिएको छ ।

प्रदेशमा कार्यरत कर्मचारीलाई १० दिनको पर्यटन काज बिदा दिने पनि आर्थिक मामिला मन्त्री आङ्बुहाङले बताए । कर्मचारीलाई बिदा दिने व्यवस्था संघीय सरकारको बजेटमा पनि थियो ।

**प्रदेश १ सरकारले कर्मचारीलाई खाजा खर्च दिने**

प्रदेश १ सरकारले आफ्ना मातहतका कर्मचारीलाई खाजा खर्च उपलब्ध गराउने भएको छ ।

आर्थिक वर्ष २०७८/०७९ को आयव्ययको विवरण प्रस्तुत गर्दै आर्थिक मामिला तथा योजना मन्त्री टंक आङ्बोहाङ्गले कर्मचारीलाई हाजिरीका आधारमा खाजा खर्च उपलब्ध गराउने घोषणा गरेका हुन् ।

उनले भने- कर्मचारीमा प्रोत्साहन दिनका लागि २०७८ साउन १ गतेदेखि लागू हुने गरी प्रदेश सरकारले कार्यालयमा हाजिर भएको दिनको आधारमा १ सय रुपैयाँ खाजा खर्च दिइने छ ।

## सातै प्रदेशमा कोभिड-१९ युनिफाइड अस्पताल तोक्ने तयारी

**झापा, असार १।** स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले सातवटै प्रदेशमा 'कोभिड-१९ युनिफाइड प्रादेशिक अस्पताल' तोक्ने तयारी गरेको छ । कोभिड-१९ युनिफाइड केन्द्रीय अस्पताल ( वीर अस्पताल)ले प्रदेशमा सञ्चालन भइरहेका अस्पताललाई 'कोभिड-१९ युनिफाइड प्रादेशिक अस्पताल' तोक्ने तयारी गरिएको छ ।

केन्द्रीय अस्पतालका प्रमुख प्रशासकीय अधिकारीमा डा. जागेश्वर गौतमले प्रदेशस्तरमा अहिले सञ्चालन भइरहेका सङ्घअन्तर्गत अस्पतालाई नै युनिफाइड प्रादेशिक अस्पताल बनाउने तयारी भइरहेको जानकारी दिए । ती अस्पतालले कोभिड-१९सँगै अन्य बिरामीको पनि उपचार गर्न सक्ने छन् ।

*(बाँकी अन्तिम पृष्ठमा)*

## प्रदेश-१ को नामकरण एक महिनाभित्र: मन्त्री कार्की

**गौरादह, असार १।** आन्तरिक मामिला तथा कानूनमन्त्री हिक्मतकुमार कार्कीले प्रदेश-१ को नामकरण एक महिनाभित्रमा टुङ्गो लाग्ने बताएका छन् । मन्त्रीले गौरादहस्थित आफ्नै निवासमा सञ्चारकर्मीसँग कुरा गर्दै जतिसक्दो छिटो नामको टुङ्गो लगाउने विषयमा प्रदेश सरकार गम्भीर रहेको बताए ।

भरसक विवादरहीत ढङ्गले सबैलाई मान्य हुने साझा नाम राखिने मन्त्री



कार्कीको भनाइ छ । अर्को एक फरक प्रसंगमा मन्त्री कार्कीले कोरोना महामारी नियन्त्रणमा संघीय सरकार र स्थानीय सरकारको बीचमा रहेर भूमिका निर्वाह गरिरहेको बताए । सरकार छिट्टै सबै नागरिकका लागि कोरोनाविरुद्धको खोप व्यवस्थापनमा लागिरहेको पनि मन्त्री कार्कीले दावी गरे ।

प्रदेश नामकरणको सन्र्दभमा सगरमाथा, कोशी, कोशी-सगरमाथामध्ये एक हुने स्रोतले जनाएको छ ।

## विद्यार्थी भर्ना अभियान शुरु

**झापा, असार १।** सरकारले यस वर्षको विद्यालय तहको नयाँ शैक्षिक सत्र मंगलवारदेखि शुरु गरेको छ ।

शिक्षा, विज्ञान तथा प्रबिधि मन्त्रालयले आजदेखि यस वर्षको शैक्षिक सत्र शुरु गर्ने निर्णय गरेको थियो । शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री कृष्णगोपाल श्रेष्ठले भर्ना अभियान र वैकल्पिक विधिबाट हुने पठनपाठनलाई सफल पार्न आह्वान गरेका छन् । शिक्षक सङ्गठनसँग भएको भर्चुअल छलफलमा उनले भर्ना अभियानलाई सफल पार्न सबैमा आव्हान गरका छन् ।

मन्त्रालयले शिक्षा तथा मानवविकास स्रोत केन्द्रमार्फत सबै जिल्लामा भर्ना अभियान शुरु गर्न निर्देशन दिएको थियो । कोभिड-१९ सङ्क्रमणका कारण भौतिक उपस्थितिमा पठनपाठन हुन नसके पनि वैकल्पिक विधिबाट पठनपाठनलाई निरन्तरता दिने गरी शैक्षिक सत्र प्रारम्भ गरिएको हो । सरकारले सबै विद्यालयले विद्यार्थीको अन्तिम आन्तरिक मूल्याङ्कन पूरा गरी नतिजा प्रकाशन गरेर कक्षा १० सम्मको अध्ययन गर्ने देशभरका विद्यार्थीको पठनपाठन शुरु गर्न भर्ना अभियान सञ्चालन गरेको हो ।

केन्द्रका महानिर्देशक वैकुण्ठ अर्यालले आजदेखि देशभर भर्ना अभियान शुरुआत भएको जानकारी दिए । केन्द्रले अहिलेको विषम परिस्थितिमा विद्यालयमा भौतिक उपस्थितिमा नभइ अनलाइन, टेलिफोन या अन्य कुनै माध्यमबाट आजदेखि विद्यार्थीका कक्षामा अभिलेकीकरण शुरु गरी असार १५ गतेसम्म सम्पन्न गर्न निर्देशन दिएको छ ।

विद्यालयले विद्यार्थीको अभिलेखीकरण पूरा गरी आफ्नो नजिकको विक्रेताबाट पाठ्यपुस्तक खरिद गरेर विद्यार्थीको हातहातमा नयाँ पाठ्यपुस्तक उपलब्ध गराउनुपर्ने छ । त्यसपछि विद्यालयले भौतिक उपस्थितिमा कक्षा सञ्चालन गर्न नसक्ने अवस्थामा

*(बाँकी अन्तिम पृष्ठमा)*

# जोखिमका बस्ती सार्न आग्रह

**झापा, असार १।** मनसुनी बर्षा शुरु भएसँगै जिल्ला विपद् व्यवस्थापन समितिले सबै पालिकालाई विपद्मा प्रयोग हुने सबै सामग्री खरिद गरी तयारी अवस्थामा रहन अनुरोध गरेको छ ।

कोरोना महामारीका सामना गरिरहेका पालिकाहरु वाढीका कारण उत्पन्न हुन सक्ने विपद् व्यवस्थापनको पूर्व तयारीमा जुट्न समितिले अनुरोधसहित १६ वटा निर्णय गरेको छ ।

प्रमुख जिल्ला अधिकारी श्रवणकुमार तिमिल्सिनाको अध्यक्षतामा जिल्ला प्रशासन कार्यालय झापामा भएको विपद् व्यवस्थापन समितिले जिल्लामा कनकाई, विरीङ, रतुवा, कमल, निन्दा, मेचीलगायतका २८ वटा साना ठूला नदीहरुमा पानीको वहाव बढ्ने र जोखिम बढी हुने भन्दै सबै पालिकालाई तयारीमा जुट्न आग्रह गरेको हो । हिउँद महिनामा साना देखिए पनि बर्षायाममा बाढी आउँदा यी नदीबाट विगतमा ठूलो धनजनको क्षति हुँदै आएको छ ।

पालिकाहरुलाई पर्याप्त स्रोत साधनको व्यवस्था गर्न, बाढी तथा कटान क्षेत्रका बासिन्दालाई उद्धार गरेर राख्ने सुरक्षित बासस्थानलगायत आवश्यक सुरक्षा सामग्रीहरुको व्यवस्था गर्न आग्रह गरिसकेको प्रजिअ तिमिल्सिनाले जानकारी दिए ।

जिल्लाको राजमार्ग उत्तरभन्दा दक्षिणी क्षेत्रमा बढी डुबान र कटान हुने गरेको नेपाल रेडक्रस सोसाइटी झापा शाखाका सभापति लोकराज ढकालले बताए । उनले बिगतमा झै यसबर्ष पनि झापा, गौरीगञ्ज, कचनकवल र बाह्रदशी गाउँपालिका पानीको निकास जाने ठाउँ नहुँदा बढी डुबानको जोखिममा रहेको बताए ।

**झापामा विपद्को पूर्व तयारी**

**यस्ता छन् जिल्ला विपद् व्यवस्थापन समितिको निर्णयहरु**

१) यस जिल्लामा मनसुन सक्रिय भई बर्षात् भइरहेको र मनसुन बर्षातका कारण बाढी तथा डुवान हुने क्षेत्रहरुमा रहेका बस्तीहरुलाई सुरक्षित स्थानमा स्थानान्तरण गर्ने र विपद्को समयमा प्रयोग हुने विपद्का सामग्रीहरु समयमा नै खरिद गरी भण्डारण गर्ने व्यवस्था मिलाउन सबै नगरपालिका तथा गाउँपालिकाहरुलाई अनुरोध गर्ने ।

२) नेपाल रेडक्रस सोसाइटी झापा शाखाले विपद्बाट प्रभावित कम्तीमा ५०० परिवारलाई पुग्ने सामाग्री (भाडाकुँडा, बाल्टी, कपडा, त्रिपाल, औषधि लगायत अन्य सामग्री) हरु भण्डारण गरी राख्ने ।

३) विपद्को समयमा उपयोगी हुने राहत सामाग्री (भाडाकुँडा, बाल्टी, कपडा, त्रिपाल, औषधी लगायत अन्य सामग्री) हरुको आवश्यक व्यवस्थापन गर्न सबै पालिकाहरुलाई अनुरोध गर्ने ।

४) बाढी, पहिरो तथा डुवानबाट प्रभावित व्यक्तिहरुको खोज तथा उद्धारका लागि नेपाली सेना, नेपाल प्रहरी तथा सशस्त्र प्रहरी बल नेपाल तत्काल परिचालित हुने गरि तयारी अवस्थामा रहने ।

५) डिभिजन सडक कार्यालय र जिल्ला ट्राफिक कार्यालयले मनसुन बर्षात्का कारण हुन सक्ने सम्भावित सडक अवरोधको पहिचान गरी डिभिजन सडक कार्यालयले सडक अवरोध हटाउने कार्यमा प्रयोग हुने एक्जाभेटर दमक, बिर्तामोड र काँकरभिट्टामा तयारी अवस्थामा राख्न आवश्यक व्यवस्था मिलाउने ।

६) मनसुन बर्षात्का कारण हुन सक्ने संचार तथा विद्युत् अवरोधलाई तत्काल हटाई सेवा सुचारु गर्ने व्यवस्था मिलाउन नेपाल टेलीकम तथा विद्युत प्राधिकरणले समयमा नै आवश्यक व्यवस्थापन गर्ने ।

७) विपद्को समयमा महिला, बालबालिका, जेष्ठ नागरिक तथा अपाङ्गता भई उच्च जोखिममा रहेका व्यक्तिहरुको सुरक्षामा विशेष ध्यान पुऱ्याउन सबै पालिकाहरुलाई अनुरोध गर्ने ।

८) कोभिड-१९को संक्रमण रोकथाम, नियन्त्रण र

*(बाँकी अन्तिम पृष्ठमा)*

**घर जग्गा बिक्रीमा**

बिर्तामोड नगरपालिका वडा नं. १ सिनेप्लाजाबाट ३ सय मिटर पश्चिम, खानेपानी ट्याङ्की जानेबाटोबाट पश्चिमतर्फ साढे सात धुर जग्गा र सो जग्गामा बनेको ४ कोठे टिनको छानो भएको घर उचित मूल्यमा बिक्रीमा रहेको हुँदा किन्न चाहने महानुभावले तलको फोन नं.मा सम्पर्क गर्नुहोला ।

**मो. ९८४४६४२०९५, ९८१७९९०२९९**

**समाल रियल स्टेट प्रा.लि.**

**जग्गा खरिद बिक्री केन्द्र**

बिर्तामोड र अर्जुनधारा नगरपालिका विशेष

गोर्खा सुपर मार्केट छेऊ, शनिश्चरे रोड, बिर्तामोड, झापा

**प्रबन्ध निर्देशकः राजु समाल** (L.B.) ०२३-५४३८७६, ९८०७९९९९००

**बिर्ता आयुर्वेद एण्ड फिजियोथेरापी सेन्टर, अष्टाङ्ग आयुर्वेद फार्मेसी**

दैनिक ओपीडी, क्षारसूत्र, पायल्स, फिसर, फिस्टुला, हाडजोर्नी, प्यारालाइसिस, नशा, माइग्रेन तथा अन्य जुनसुकै रोगको उपचारको लागि **सम्पर्क : ९८०६०००३१३/०२३-५९०१६६**

# अर्जुनधारामा हेल्पिङ हेण्ड जापानको राहत



तस्वीर : बिनोद पाण्डे/पूर्वाञ्चल

**झापा, असार १।** झापाको अर्जुनधारा-५मा हेल्पिङ हेण्ड जापान टिमले अतिविपन्न १० परिवारलाई राहत वितरण गरेको छ ।

रेडक्रस सोसाइटी बिर्तामोड उपशाखाका उपसचिव, जिल्लाकै उत्कृष्ट रक्तदानकर्ता तथा अर्जुनधारा ५का टोल विकास समितिका अध्यक्ष ओमप्रकाश लुइँटेलको समन्वयमा मंगलवार राहत वितरण गरिएको हो । निषेधाज्ञा लम्बिएसँगै टोलमा रहेको अतिविपन्न परिवारलाई हेल्पिङ हेण्डले राहत वितरण गरेको हो । प्रति परिवार३० केजी चामल, दुई केजी दाल, एक केजी चिनी, एक केजी नुन, नुहाउने तथा कपडा धुने साबुन चार वटा, आँटा दुई केजी र तेल १ लिटर राहत स्वरुप प्रदान गरिएको थियो । उनीहरुलाई हेल्पिङ हेण्डका सदस्य रमेश रिजाल, अर्जुनधारा-५का ज्येष्ठ चौतारीका अध्यक्ष जीवनकुमार खतिवडा, सुवास चापागाँईले ३० हजार रुपैयाँ बराबरको राहत वितरण गरेका थिए ।

# भीमाको घर बनाउन सहयोग जुट्दै

**दूधे, असार १।** भीमाकुमारी चौधरी राईको घर निर्माणका लागि रकम जुट्ने क्रम जारी छ ।

नेपाली कांग्रेस शिवसताक्षी नगरपालिकाको नगरसमिति र त्यही पार्टीको वडा नम्बर ११को वडा समितिले निर्माण शुरु गरेको भीमाकुमारीको घर करिब ९८ प्रतिशत निर्माण सम्पन्न भएको छ । अब रंगरोगन गरेर हस्तान्तरण गर्ने कार्यक्रम रहेको नेपाली कांग्रेस शिवसताक्षीको नगर समितिले जनाएको छ ।

सोमबार अष्ट्रेलियामा रहेका नेपालीले नेपाली ५५ हजार नगद भीमाकुमारीको घर निर्माण उपभोक्ता समितिका संयोजक विनोद ढकाललाई हस्तान्तरण गरेका छन् । नेपाली कांग्रेसको अस्ट्रेलिया जनसम्पर्क समितिले शिवसताक्षीकी अतिविपन्न, एकल तथा क्यान्सर पीडित भीमाकुमारीको घर निर्माणका लागि आर्थिक सहयोग गरेको हो ।

यो रकम साबिक महाभारा हाल गौरीगञ्ज बस्ने नेत्र पौडेल नेतृत्वमा अस्ट्रेलियामा संकलन भएको नेपाली कांग्रेसले नगर समितिले जनाएको छ । रकम संकलनको नेतृत्व गर्ने पौडेलका अनुसार सन्तोष सिटौला (झापा), भीम लुइँटेल (ओखलढुंगा), निल थपलिया (चितवन), नेत्र पौडेल (झापा), निरञ्जन प्रसाईं (झापा), राजन सिटौला (झापा) र रुपक राज मैनालीले भीमाकुमारिको घर निर्माणका लागि अष्ट्रेलियाबाट रकम पठाएका हुन् ।

नेपाली कांग्रेस नगर समितिका अनुसार भीमाकुमारीले उपहार पाउने घरको अधिकांश निर्माण कार्य सम्पन्न भएको छ । रंगरोगन मात्र बाँकी रहेको पार्टीका नगरका सभापति पर्शुराम ढुंगानाले बताए । १४ लाख रुपैँया घर निर्माण कार्यमा खर्च भएको निर्माण समितिका सहसंयोजक अशोक बस्नेतले बताए । उनका अनुसार सबै रकम दाताहरुबाट प्राप्त भएको हो ।

निर्माण उपभोक्ता समितिका अनुसार भीमाकुमारीको घर निर्माणका लागि सहयोगको बचन दिएका पार्टीका नेता कार्यकर्तालाई आफूले कवोल गरेको रकम समितिमा बुझाउन अनुरोध गरेको छ । यसरी कवोल गरेको रकम करिव ६० प्रतिशत संकलन हुन बाँकी छ ।



भीमाकुमारीका श्रीमान् सडक दुर्घटनामा परेर मृत्यु भएपछि उनी लगायत उनका २ छोराछोरी माइती पक्षको संरक्षणमा रहँदै आएका थिए । विपन्नताकै कारण जग्गा र त्यसमा निर्माण हुने घर नभएका कारण उनी माइती पक्षको संरक्षणमा रहेकी हुन् । स्थानीय सञ्चारमाध्यममा भीमाकुमारी गरिबीका कारण घरको न घाटको भएको समाचार प्रकाशन भएपछि नेपाली कांग्रेस शिवसताक्षी नगर समितिले घर र सो पार्टीको वडा नम्बर ११को वडा समितिले जग्गा व्यवस्थापन गर्ने निर्णय गरेको थियो । सो अनुरुप भीमाकुमारीले घर पाउने भएकी हुन् ।

वीपी स्मृति दिवसको अवसर पारेर भीमा कुमारीको नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाको हातबाट घर पाउने छन् । त्यसको तयारीका लागि नेपाली कांग्रेस नगरसमिति जुटेको सो पार्टीले जनाएको छ ।

# भारतमा ७५ दिनयताकै सबैभन्दा कम कोरोना सङ्क्रमित

**झापा, असार १।** भारतमा आइतबार ६० हजार ४७१ व्यक्तिमा कोरोना सङ्क्रमण देखा परेको केन्द्रिय स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले मङ्गलबार जानकारी दिएको छ । सोमबार भारतमा ७५ दिनयताकै यो सब भन्दा कम कोरोना सङ्क्रमित फेला परेको हो ।

गत २४ घण्टामा भारतमा कोरोना सङ्क्रमणको कारण २ हजार ७२६ जनाको मृत्यु भएपछि भारतमा कोरोनाबाट मृत्यु हुने कूल व्यक्तिको संख्या ३ लाख ७७ हजार ३१ भएको जनाइएको छ । यहाँ हाल कोरोना सङ्क्रमितको कुल संख्या २ करोड ९५ लाख ७० हजार ८८१ पुगेको मन्त्रालयले मङ्गलबार जानकारी दिएको छ ।

गत २४ घण्टामा १ लाख १७ हजार ५२५ जना कोरोना भाइरस सङ्क्रमित मुक्त भएका छन् । यसैसँग भारतमा २ करोड ८२ लाख ८० हजार ४७२ जना कोरोना मुक्त भएका बताइएको छ । भारतमा कोरोना भाइरस सङ्क्रमण मुक्त हुने दर ९५.६४ प्रतिशत रहेको छ । हाल यहाँ ९ लाख १३ हजार ३७८ जना सक्रिय सङ्क्रमित रहेका छन् ।

कोरोना शुरु भएयता हालसम्म यहाँ ३८ करोड १३ लाख ७५ हजार ९८४ जनाको कोरोना परिक्षण भएको सरकारी स्रोतले जानकारी दिएको छ । गत जनवरी १६ बाट भारतमा कोरोना भाइरसविरुद्ध खोप अभियान शुरु भएको थियो । सो समयदेखि जुन १३ तारिखसम्म भारतमा २५ करोड ३१ लाख ९५ हजार ४८ डोज खोप लगाइएको थियो ।

# निर्माण व्यवसायी पोखरेलप्रति श्रद्धाञ्जली

**बिर्तामोड, असार १।** निर्माण व्यवसायी संघ झापाले संघका निवर्तमान अध्यक्ष दीपेन्द्र पोखरेलको निधनप्रति दु:ख व्यक्त गर्दै मंगलबार बिर्तामोड-३ सैनिकमोडस्थित निवासमा स्व. पोखरेलप्रति श्रद्धाञ्जली अर्पण गरेको छ ।

उद्योगी-व्यवसायी, समाजसेवी, राजनीतिकर्मी स्व. पोखरेलको सातौं दिनको पुण्यतिथिमा संघको तर्फबाट जिल्लाका अधिकांश निर्माण व्यवसायीहरुको उपस्थितिमा श्रद्धाञ्जली अर्पण गरिएको हो ।

संघका महासचिव ओम पौडेलले सञ्चालन गरेको संक्षिप्त श्रद्धाञ्जली सभामा संघको पदमा रहँदा वा नरहँदा पनि पोखरेलले निर्माण व्यवसायीहरुको हितका लागि पुऱ्याएको योगदानको चर्चा गरिएको थियो । संघका अध्यक्ष मिलन बस्नेतले स्व. पोखरेलप्रति श्रद्धाञ्जलीसहित परिवारजनप्रति समवेदना व्यक्त गर्दै झापाली निर्माण व्यवसायीहरुले एक असल व्यवसायी र आउँदो पिढीका निर्माण व्यवसायीका लागि कुशल अभिभावक गुमाएको बताए । उनले पोखरेलको निधनले झापाको निर्माण व्यवसाय क्षेत्रलाई ठूलो क्षति पुगेको उल्लेख गरे ।

अध्यक्ष बस्नेतले परिवारजनलाई समवेदनापत्र हस्तान्तरण गरेका थिए । स्व. पोखरेलको आत्माको चिरशान्तिको कामना गर्दै एक मिनट मौन धारण गरिएको थियो । साथै संघले स्व. पोखरेलको शोकमा ७ दिनसम्म संघको झण्डा आधा झुकाएको थियो ।

# महिलाको मृत्यु

**झापा, असार १।** झापा बुद्धशान्ति गाउँपालिका-३ राजाटोल शितल बस्ती बस्ने ४८ बर्षीय विष्णुमाया बाँस्कोटाको हात्ती रोक्न राखेको विद्युतीय धरापमा परी मृत्यु भएको छ ।

घर नजिक आफ्नै खेतबारीमा जंगली हात्ती नआओस् भनेर राखेको बिजुलीको नाङ्गो तारमा करेन्ट लागेर घाइते भएकी उनको उपचारको क्रममा बिर्तासिटी अस्पतालमा मृत्यु भएको हो ।

# शव फेला

**बिर्तामोड, असार १।** झापाको बिर्तामोड-१०मा एक व्यक्ति मृत अवस्थामा फेला परेका परेका छन् ।

बिर्तामोड-९ धनवीर बस्ती बस्ने रतनलाल धिमाल बिर्तामोड-१० ठुटेवरस्थित चेलियन कृषि फर्म नजिक मृत फेला परेका हुन् । प्रत्यक्षदर्शी स्थानीय चन्द्रबहादुर राईका अनुसार सहदेव बरालले सञ्चालन गर्दै आएको कृषि फर्मका कामदारले सोमबार घोप्टो परेको अवस्थामा शव देखेपछि प्रहरीलाई खबर गरेका थिए ।

स्थानीयका अनुसार केही दिन यता बिरामी अवस्थामा रहेका धिमाल घरमै औषधि सेवन गर्दै आएका थिए । उनकी कान्छी श्रीमती विदेश रहेको र पक्की घर बनाउन निर्माण सामग्रीको तयारी गर्दै गरेको स्थानीयले बताएका छन् ।

## जोखिमका ...

मनसुनजन्य विपद्को पूर्यतयारी तथा प्रतिकार्यका लागि सबै पालिका, विषयगत निकाय, सुरक्षा निकाय, विभिन्न विषयगत क्षेत्र (क्लस्टर) हरु परिचालित हुने साथै कोभिड-१९ का सुरक्षात्मक उपायहरु अवलम्वन गरी खोज तथा उद्दार कार्य प्रभावकारी रुपमा गर्ने ।

९) नेपाल रेडक्रस सोसाईटी झापा शाखा, एलडब्लूएफ, झापा र न्याय तथा विकासका लागि सामाजिक संजाल, झापाको सहकार्यमा सबै पालिका, सुरक्षा निकाय र अन्य सरोकारवालाहरुबाट प्राप्त सुझाव समेतका आधारमा अद्यावधिक गरिएको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना (मएचए) २०७८ र मनसुन पूर्वतयारी कार्ययोजना २०७८ लाई स्वीकृत गर्ने ।

१०) नेपाल रेडक्रस सोसाईटी झापा शाखा र विश्व खाद्य कार्यक्रम (डब्लूएफपी) को सहकार्यमा नमूना कार्यक्रमको रुपमा झापा गाउँपालिकाको कनकाई नदी तटिय क्षेत्रमा पर्ने बाढीको उच्च जोखिम युक्त क्षेत्रका वडा नं १, २, ३ र ७ का ६६७ घरपरिवारको लागि सञ्चालनको क्रममा रहेको बाढी पूर्वानुमानमा आधारित पूर्वतयारी कार्य र कार्यक्रमको बारेमा नेपाल रेडक्रस सोसाइटी झापा शाखाका सभापतिबाट जानकारी प्राप्त भयो । सो सम्वन्धमा सम्वन्धित सबै पालिका र समुदायसंग आवश्यक समन्वय र सहकार्य गरी उक्त कार्यक्रम सफलतापूर्वक सम्पन्न गर्न सम्वद्ध सबै क्षेत्रलाई आवश्यक सहयोग पुऱ्याउन अनुरोध गर्ने ।

११) यस जिल्लामा सम्वन्धित पालिका, स्थानीय प्रहरी इकाइ र नेपाल रेडक्रसको पहलमा नजिकका नदी, नालामा पानीको वहावको सूचना लिई नदीको सतह बढेमा तटीय क्षेत्रका वासिन्दाहरुलाई सुरक्षित रहन विभिन्न माध्यमबाट सूचना प्रवाह गर्ने ।

१२) बाढी आएको समयमा नदी नालामा माछा मार्ने, पौडी खेल्ने, काठ दाउरा सङ्कलन गर्ने जस्ता कार्यहरुलाई पूर्ण रुपमा रोक लगाउन सबै पालिकाहरुलाई अनुरोध गर्ने ।

१३) झापा, गौरीगन्ज गाउँपालिका र शिवसताक्षी नगरपालिकाले बाढी तथा डुवानबाट बढी प्रभावित हुन सक्ने व्यक्तिहरुका लागि सुरक्षित आश्रयस्थल ( सेल्टर्स) को आवश्यक व्यवस्था मिलाउने ।

१४) विपद्रु जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ बमोजिम स्थानीय विपद् व्यवस्थापन समितिले विपद् सम्बन्धि गरेका कार्यहरुको विवरण सहितको प्रतिवेदन नियमित रुपमा जिल्ला विपद् व्यवस्थापन समिति, झापामा पठाउन सबै पालिकाहरुलाई अनुरोध गर्ने ।

१५) मौसम सम्वन्धी आवश्यक जानकारी लिई विपद् व्यवस्थापन सम्वन्धी कार्यमा अग्रिम आवश्यक निर्णय लिन www.hydrology.gov.np तथा www.drrportal.gov.np Website दैनिक अवलोकन गर्न सबै पालिकाहरुलाई अनुरोध गर्ने ।

## सातै ...

केन्द्रीय अस्पतालले नै प्रदेश सरकारसँग समन्वय गरी प्रदेशस्थित संघ वा प्रादेशिक अस्पतालाई कोभिड-१९ युनिफाइड प्रादेशिक अस्पतालको रुपमा तोक्ने सक्ने व्यवस्था रहेको छ । उनका अनुसार प्रदेश-१मा वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, प्रदेश-२ जनकपुर प्रादेशिक अस्पताल वा नारायणी अस्पताल वीरगञ्ज, वागमती प्रदेशमा भरतपुर अस्पताल, गण्डकी प्रदेशमा पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान, लुम्बिनी प्रदेशमा भेरी प्रादेशिक अस्पताल, कर्णाली प्रदेशमा कर्णाली प्रादेशिक अस्पताल र सुदुरपश्चिम प्रदेशमा सेती प्रादेशिक अस्पताललाई युनिफाइड अस्पताल बनाउन सकिन्छ। उनले यी अस्पताललाई युनिफाइड प्रादेशिक अस्पताल तोक्ने विषयमा मन्त्रालय र प्रदेश सरकारसँग छलफल भइरहेको बताए ।

सरकारले कोभिड-१९ सङ्क्रमितको निदान र उपचारको काम एकीकृतरुपमा सञ्चालन र व्यवस्थापन गर्न केन्द्र र प्रदेशमा छुट्टाछुट्टै युनिफाइड अस्पताल सञ्चालनमा ल्याइने निर्णय गरेको थियो ।

## विद्यार्थी ...

वैकल्पिक विधि अनलाइन, रेडियो, टेलिभिजनलगायतका माध्यमबाट विद्यार्थीको सिकाइलाई अगाडि बढाउनु पर्नेछ । कोरोना महामारी घटेर स्थिति सामान्य भएपछि भने विद्यालयले भौतिकरुपमा विद्यार्थीको उपस्थिति गराई कक्षा सञ्चालन गर्न सक्नेछन् ।

कोरोनाका कारण विद्यार्थीसमेत गाउँ गएकाले भर्ना अभियान विगतका वर्षमा जस्तो प्रभावकारी हुनेमा आशंका पैदा भएको छ । विसं२०७६ सम्ममा सरकारले वैशाख १ गतेदेखि १५ गतेसम्म भव्यरुपमा बिभिन्न कार्यक्रम गर्दै भर्ना अभियान सञ्चालन गर्दै आएको थियो ।

विद्यालय जाने उमेर समूहका कोही बालबालिका पनि विद्यालय जानबाट बञ्चित हुन नपरोस् भन्दै भव्यरुपमा भर्ना अभियान सञ्चालन गर्ने र घरदैलो अभियान गर्ने गर्दै आएको थियो । विसं २०७७ सालदेखि भने कोरोना भाइरसको महामारीका कारण भर्ना अभियान प्रभावकारी हुनसकेको थिएन । गतवर्ष शैक्षिक सत्र कहिलेबाट सञ्चालन गर्ने भन्दै अन्योल भयो भने साउनदेखि वैकल्पिक विधिबाट पठनपाठन शुरु भएको थियो । यस वर्ष भने सरकारले असार १ गतेदेखि नयाँ शैक्षिक सत्र निर्धारण गरेको हो ।

वैकल्पिक विधिबाट पठनपाठन हुने भएपछि गतवर्ष धेरै विद्यार्थीले पढाई छोडेको आँकलन गरेपनि गत वर्ष कति विद्यार्थी भर्ना भए र यस वर्ष कति विद्यार्थी भर्ना हुन्छन् भन्ने तथ्याङ्क समेत केन्द्रले राख्न सकेको छैन ।

यसैगरि कक्षा ११ को पठनपाठन भने भदौबाट गर्ने तयारी गरेको छ । राष्ट्रिय परीक्षा बोर्डका अनुसार विद्यालयले कक्षा १० को माध्यमिक शिक्षा परीक्षा (एसइई)का विद्यार्थीको यही असार मसान्तसम्म आन्तरिक मूल्याङ्कन गरिसक्ने अगामी साउन दोस्रो सातासम्म एसइईको अन्तिम नतिजा प्रकाशित गरि आगामी भदौबाट कक्षा ११ को पठनपाठन शुरु गरिने छ ।

Kanchanjunga Hospital Equipment Pvt.Ltd.
Arjundhara-6, Jhapa

सार्वजनिक जानकारीको लागि सूचना

यस Kanchanjunga Hospital Equipment Pvt.Ltd. Arjundhara-6, Jhapa द्वारा उत्पादित तपशिल बमोजिमका स्यानिटरी प्याडहरुको मूल्य सार्वजनिक गरिएको व्यहोरा सर्वसाधारणमा जानकारी गराइन्छ ।

| Product Name | Type | Wholesale Rate | MRP |
|---|---|---|---|
| Ultrathin Sanitary Pad: Length 240mm, Width 60-70mm, Absorption 80-100Ml | 6 Pcs Per Pack | 61 | 75 |
| | 8 pcs per Pack | 79 | 90 |

नोट: उल्लेखित दरमा डिलरलाई दिए अनुसारको छुट दिन सकिनेछ ।

बिर्ता (सेफ्टी तथा ढल सफाई)
बिर्तामोड, झापा
(पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ ।)



पूर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाइ गरिन्छ ।
भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680
सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।




श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरुप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१)
■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा ■ बजार प्रतिनिधि: गोपाल अधिकारी-९८४२६९६११२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail.com

पूर्वाञ्चल
सम्पादकीय

## दिगो व्यवस्थापनको खाँचो

**मेची अञ्चलकै प्रमुख शहरका रुपमा परिचय बनाउँदै आएको बिर्तामोडमा फोहर व्यवस्थापन नयाँ ढङ्गले गर्न थालिएको छ । असार १ गते मङ्गलबारबाट फोहर व्यवस्थापन गर्न निराकार सरसफाइ सेवा प्रालिलाई बिर्तामोडको सरसफाइ गर्ने जिम्मा दिएको छ । यसअघि सरसफाइको काम बिर्तामोड नगरपालिकाले आफ्नै तर्फबाट गर्दै आएको थियो । सोमबार नगरपालिकाले कार्यक्रम आयोजना गरेर प्रालिका प्रतिनिधि रवीन भट्टराईलाई त्यस सम्बन्धी सम्झौता पत्र हस्तान्तरण गर्दै फोहर व्यवस्थापनमा प्रयोग गर्दै आएको चारवटा सवारी साधन र १४ जनशक्ति जिम्मा दिएको थियो । कार्यक्रममा नगरप्रमुख ध्रुव शिवाकोटीले सफाइको काममा संलग्न कर्मचारीलाई नगरपालिकाबाट प्रदान गरिने सेवासुबिधा नघटाइने प्रतिवद्धता जनाएका छन्।**

**बिर्तामोड शहर हुन थालेको धेरै भएको छैन । महेन्द्र राजमार्ग र उत्तरदक्षिणलाई जोड्ने राजमार्ग निर्माण भएपछि बिकास हुन थालेको बिर्तामोड हिमालदेखि तराईलाई जोड्ने सेतु बनियो । क्रमशः यसको आवादी बढ्दै गयो, व्यापार व्यवसाय गर्नेहरू आउन थाले । सदरमुकाम चन्द्रगढी जाने सबैले बिर्तामोड आउनै पर्ने भयो । बिस्तारै अव्यवस्थित नै भए पनि पक्की घर बनिन थाले र आज आइपुग्दा आधुनिक सेवा सुविधा, भौतिक पूर्वाधार र संरचनाले पूर्ण भइरहेको छ । तर, देशमै विकसित शहरको पर्याय प्रदूषणबाट बिर्तामोड पनि मुक्त हुन सकेको छैन । यहाँको बढ्दो जनघनत्व नै प्रदूषणको मुख्य कारक रहेको छ भने त्यसले पार्ने असरप्रति सचेत नहुने प्रवृत्ति पनि त्यत्तिकै जिम्मेवार छ । आफूबाट उत्सर्जित फोहरको व्यवस्थापन आफैंले गर्नुपर्छ भन्ने चेतना जागृत नहुञ्जेलसम्म फोहरमैलाजन्य समस्याको अन्त्य सम्भव छैन । देशको राजधानी होस् वा अन्य शहर बजार हुन् सबैको साझा समस्याका रुपमा रहेको फोहरमैला व्यवस्थापन स्थानीय सरकारको चुनौति नै हो ।**

**फोहरमैलाको दिगो व्यवस्थापन वर्तमानको प्रमुख आवश्यकता हो। सडक – सडकमा, टोल–टोलमा, नदी किनार र खाली ठाउँमा जथाभावी थुपारिएका फोहरको व्यवस्थापन नहुञ्जेलसम्म सफाइका नाममा गरिने लगानी ‘ बालुवामा हालेको पानी’ मात्रै हुनेछ । त्यसका लागि स्थानीयबासीलाई सचेत गराउँदै कानुन बनाएर नियन्त्रण गर्ने नीति बनाउनु पर्छ । कानूनको अबज्ञा गर्नेलाई दण्डित गरेर वातावरण रक्षालाई प्राथमिकतामा राख्नु पर्छ । तर, त्यस अघि डम्पिङ साइटको व्यवस्थापन, फोहरको वर्गीकरण, पुनर्चक्रण लगायतका पूर्वाधार तयार गर्नेतर्फ स्थानीय सरकारको भूमिका देखिनु पर्छ । फोहर व्यवस्थापनको नाममा ‘वल्ला घरको नरे पल्ला घर सरे’ भयो भने न हाम्रो जीवन सुरक्षित हुन्छ न त वातावरणको रक्षा हुन्छ । अन्यथा बिर्तामोडलाई जीवन दिने एउटा मात्र नदी अन्धुवालाई फोहर विसर्जनको थलो बनाइँदा त्यहाँका जलचर प्राणी र त्यही नदीको प्रयोग गरेर उत्पादित कृषि वस्तुको अस्तित्व र गुणमा परेको असरको जिम्मेवार जनप्रतिनिधि र पालिका हुनु पर्नेछ । त्यसैले पनि व्यवसायिक संस्थालाई सहज सेवाको वातावरण तयार गर्दै फोहरमैलाजन्य समस्याको दिगो व्यवस्थापन गर्न स्थानीयबासीले पनि नगरपालिकालाई सहयोग गर्नु पर्छ । सामुहिक जबाफदेहीताले मात्र यसको दीर्घकालीन समाधान हुन्छ र प्रदूषणमुक्त बिर्तामोडको सपना पूरा हुनसक्छ ।**

# तिब्बत-नेपाल रेलमार्ग र चिनियाँ ऋणको पासोको उच्च जोखिम



**मोहन सिंह**

बेल्ट एण्ड रोड इनिसिएटिभ (बिआरआई) विशेष रुपमा वान बेल्ट, वान रोड (ओबोर) परियोजनाको रूपमा परिचित छ।

यो सन् २०१३ मा पहिलो पटक चिनियाँ राष्ट्रपति शी जिनपिंगले घोषणा गरेका थिए। पूर्वाधारमा लगानी र व्यापारको माध्यमबाट विश्वको बाँकी मुलुकसँग भू-राजनीतिक सम्बन्ध बनाउने चीनको आग्रह यस अन्तरदेशीय भीमकाय आर्थिक ढाँचाको मूल इरादा हो। वास्तवमा भन्नुपर्दा, बिआरआईको मुख्य इरादा तीब्रताका साथ उदाउँदो महाशक्तिको रूपमा चीनको वर्चस्व प्राप्त गर्नु हो। यदि यो परियोजना कार्यमा कुनै लुकेको गलत मार्गचित्र छैन भने, बीआरआईले राजनीतिक, आर्थिक र सांस्कृतिक आदानप्रदानको माध्यमबाट सहभागी देशहरूको रूपान्तरणमा ठूलो भूमिका खेल्न सक्छ। तर चिनियाँ आर्थिक लेनदेनको अस्थिर इतिहासले बीआरआईको अन्तिम लक्ष्य र उद्देश्यमा एक दीर्घ आशंका र चासो उत्पन्न गराउँछ। भू-रणनीतिक र भू-राजनीतिक दृष्टिकोणबाट चीनको यो परियोजना विकास वैश्विक आधिपत्य र असंगत रणनीतिक प्रभावको खोजीको लागि एक विस्तारको रूपमा देखिन्छ। चीनले यो परियोजनाभित्र पूर्वाधार, लगानी र व्यापारको लामो सूची बनाएको छ। यस लामो सूचीको बीचमा त्यस्तै एउटा सुस्पष्ट बीआरआई परियोजना चीन र नेपाल बीचको प्रस्तावित रेलमार्ग हो। यस रेलमार्गलाई काठमाडौं र शिबत्सेबीच सबै मौसममा सञ्चालन गर्ने गरी निर्माण गर्ने तयारी छ। शिबत्से जनगणतन्त्र चीनको स्वायत्त क्षेत्र तिब्बतमा पर्दछ। यो रेलमार्गमा रेल १२० किमि प्रति घण्टाको गतिमा चल्ने बताइएको छ। तर, हिमाली भूस्थापनका दृष्टिले यो गतिमा रेल सञ्चालन गर्न निश्चय नै सहज छैन।

तिब्बत-नेपाल रेल सम्पर्क परियोजनाका सबैभन्दा गम्भीर जोखिम पार पाउनै नसकिने ऋणको जालमा फस्ने सम्भाव्यता छ। ऋणको जालमा फसाँउने कूटनीति भनेको हरेक कुरामा ऋण दिने देशमा भर पर्नुपर्ने र ऋणदाताका शर्तहरु निशर्त पालना गर्नु हो। दीर्घकालीन रुपमा सोच्दा यो एउटा भयानक षडयन्त्रको सिद्धान्त हो, ताकि ऋणदाताले यसको लाभ उठाउन र नियन्त्रणलाई अझ विस्तार गर्न सकियोस्। चिनियाँ शासकहरुले बारम्बार त्यस्ता कूटनीतिक उपाय र विधिहरु अन्य साना विकासोन्मुख देशहरूसँगको सम्बन्धमा उनीहरूको निहित स्वार्थ पूरा गर्नका लागि प्रयोग गरेका छन्। सबभन्दा विशिष्ट उदाहरण श्रीलंकाको हम्बानोटा पोर्ट अर्थात् बन्दरगाह हो। चीनले श्रीलंकालाई यो परियोजना सम्पन्न गर्न चिनियाँ बैंकहरूबाट अत्यधिक ब्याजदरमा पैसा उधारोमा धकेल्न लगायो। वास्तवमा त्यो परियोजनाको चाँडै वाणिज्य सफलताको कुनै सम्भावना थिएन। तनावग्रस्त परियोजनाका निर्माणको सञ्चालन शर्तहरू र कमजोर राजस्वहरूले आखिरमा श्रीलंकालाई ऋणको जालमा धकेल्यो र आज श्रीलंका सबैभन्दा अप्ठेरो स्थितिमा छ। श्रीलंका ऋण दायित्व पूरा गर्न असमर्थ भएपछि चीनले जमानतको रूपमा बन्दरगाहको स्वामित्वमा अधिकारको माग गर्‍यो, श्रीलंकाको सरकारले ९९ वर्षसम्म चिनियाँ फर्मको पक्षमा यस बन्दरगाहको नियन्त्रण आत्मसमर्पण गर्न बाध्य पार्‍यो।

यसलाई सीधै यसको दृष्टिकोणलाई संकेत गर्दै वित्तीय धोका र बेइमानीमार्फत सम्पत्ति खोस्ने देखिन्छ। तसर्थ, चीनको ‘ऋण-जाल कूटनीति’ कल्पनाको उडान र मिल्काउने कुरा होइन तर कठोर वास्तविकता हो। संक्षिप्तमा भन्नुपर्दा, चीनको ऋण-जाल नीतिमा प्रायः जसो गरीब देशहरू ऋणको जालोमा पर्न, दमनकारी र अनुचित नियम र सर्तहरू नवीकरण गर्न अस्वीकार गर्दछन् र त्यसपछि जब साम्प्रदायिक साझेदारले कुञ्जी पूर्वाधार सम्पत्तिहरूको नियन्त्रण लिन्छन्। त्यस्ता नक्कली र अमिल्दा कूटनीतिक युक्तिहरू परिमार्जन गरेर चीनको बीआरआईले ऋण लिने मुलुकलाई धेरै अस्थिर बनाउँछ। यसको अर्थ चीनको भूराजनीतिक फाइदाहरू र भू-रणनीतिक रुचिहरूलाई सुदृढ पार्न चीनले ऋण-जाल कूटनीतिलाई बढावा दिएको देखिन्छ।



प्रस्तावित नेपाल-तिब्बत रेलमार्ग जसले दक्षिणी तिब्बतको केरुङ शहरलाई नेपालको राजधानी काठमाडौं जोड्नेछ। यो रेलवे नेपालको रसुवा जिल्लामा प्रवेश गर्नेछ र सो अन्ततः भारत जाँदैछ। यसबाट चीनको दूरदृष्टि देखिन्छ। उल्लेखनीय कुरा के छ भने, स्थानीयहरूले यस विशाल परियोजनाको बारेमा चिन्ता उठाएका छन् जसले ठूलो मात्रामा जग्गा अधिग्रहणमा संलग्न हुनेछ र यसका साथै धेरै सामाजिक-आर्थिक समस्याहरू र सम्भाव्य कमजोरीहरूको बोझ बोकिनेछ। स्थानीयवासीले यस परियोजनालाई कागजको रेल र सपनाको रेल भन्ने नाम दिएका छन् जसले यस ठूलो परियोजनाको अन्धकार पक्षमा प्रकाश पार्दै आएका छन्। स्थानीय असन्तुष्टिको अतिरिक्त असुरक्षित परिदृश्य, अव्यवस्थित रूपमा वृद्धि हुँदै जाने निर्माण लागत, ठूलो मात्रामा विस्थापन र प्राकृतिक वासस्थानको अवरोध, अवास्तविक नगदी प्रवाह अनुमान, प्रतिबन्धित नियम र सर्तहरू आदिले मात्र उक्त परियोजनाको घातक प्रकृति देखाएको छ। एक प्रमुख विश्लेषण प्रतिवेदन अनुसार यो रेलवेको भू-स्थापन, मौसम, जलविज्ञान र टेक्टोनिक्सको लगायतका ६ वटा अतिहरुका आधारमा यो परियोजना भारी चुनौतिपूर्ण देखिन्छ। यसबाहेक, विश्वभरका रेल प्रणालीहरू डुबौती लागतहरू साबित भएका छन्। यस्ता परियोजनाहरुमा उच्च वार्षिक मर्मतसम्भार र परिचालन लागतको साथ ठूलो मात्रामा पूँजी लगानी र स्थिर सम्पत्तिको लगानी गरिने गर्छ।

यस्तो भू-स्थापनका कारण रेल सञ्चालनका लागि तिब्बत-नेपाल रेल सम्पर्क कम फाइदाजनक हुने प्रष्ट छ। थप रूपमा भन्ने हो भने वातावरणीय र जैविक विविधता मुद्दाहरूमा पनि उक्त भनिएको प्रस्तावित नेपाल-चीन रेलमार्ग जोडिएको छ किनभने यसले दुई पर्यावरणीय रुपमा नाजुक र कमजोर राष्ट्रिय निकुञ्जहरू ( लाङटाङ र शिवपुरी राष्ट्रिय निकुञ्ज) पार गरेर जान्छ। लाङटाङ राष्ट्रिय निकुञ्जमा रातो पाण्डा र हिउँ चितुवा जस्ता लोपोन्मुख/लुप्तप्राय र कमजोर प्रजातिहरूको वासस्थान रहेको छ भने काठमाडौंको उत्तरी किनारमा रहेको शिवपुरी राष्ट्रिय निकुञ्जमा ३०० बढी बढी चराहरु र नेपालका कुल पक्षीहरूको एक तिहाइ छन्। यसबाहेक, रेल मार्गमार्फत गैरकानुनी वन्यजन्तु तस्करीको सम्भावित वृद्धि अर्को ठूलो चुनौती हो। यद्यपि आर्थिक, राजनैतिक र प्राविधिक मुद्दाहरूले रेल सञ्चालनको सम्भाव्यताको छलफललाई बेवास्ता गर्दछ। पर्यावरण सम्बन्धी कारकहरूको अझ बढी अनुमोदनका लागि वातावरणीय प्रभाव मूल्यांकन गर्ने योजना यो परियोजनामा नहुनु दुःखद् कुरा हो। रेल लाइनको कुल लम्बाइ १३६ किलोमिटर हुने अनुमान छ, जसमध्ये ४२ किलोमिटर सुरुङ भएर पार हुनेछ। यस आयोजनाको लागि तीन खर्ब नेपाली रुपैयाँ लाग्ने अनुमान गरिएको छ र यसको ठूलो हिस्सा दीर्घकालीन ऋणमा खर्च हुने छ।

उच्च जोखिम रहेको र इञ्जिनियरिङ अध्ययन समेत नभएको परियोजनामा पूँजी लगानी कुनै प्रामाणिक व्यावहारिकता मान्न सकिन्न। नेपाल जस्ता अर्थतन्त्रहरूका लागि सम्भावित प्रकोपको अध्ययन नभएको, सेवाको निश्चितता नभएको र निश्चित विधि र दृष्टिगत मार्गनिर्देशन नभएको परियोजनामा ऋण लिएर लगानी गर्नु दुर्भाग्य र प्रत्युत्पादक हुन्छ। नेपालले बीआरआई फ्रेमवर्कको सहकार्यबाट मात्र फाइदा लिन यस रेल सम्पर्क जस्ता ठूला परियोजनाहरूको वास्तविक आर्थिक नगद प्रवाह अनुमान र प्रतिफलको मूल्याङ्कनसहित सम्भव सामाजिक-आर्थिक-पारिस्थितिक यथार्थ चित्रण अग्रिम रुपमा नै हुन जरुरी छ। नेपालका निर्णयकर्ता र नीतिनिर्माताले बुझ्नुपर्ने कुरा के हो भने आफ्नो मुलुकको आवश्यकता, पर्यावरणीय प्रभाव, दीर्घकालीन प्रतिफलको लेखाजोखा लगायतका विषयवस्तुको आधारमा मात्र ठूला परियोजना अघि सार्नुपर्छ। त्यसरी नै भू-भौतिक पारिस्थितिक पद्धतिको गहन अध्ययन गरी लगानी गर्ने मुलुकको ऋणको जालमा पर्ने सम्भावनालाई दूरदर्शी रुपमा खुला दिल र आग्रहमुक्त दिमागले अध्ययन, चिन्तन-मनन गरी निष्कर्षमा पुग्नु आवश्यक छ। ठूला परियोजना शुरु गर्नु अघि सबै कोणबाट पटक पटक अन्वेषण गर्न र विश्लेषणसहित निर्णयमा पुग्नु जरुरी छ।

# निर्वाचन नै समस्याको समाधान



**श्रीमन्नारायण**

प्रधानमन्त्री केपी शर्मा ओली नेतृत्वको सरकारले पाँच महिनामा दोस्रोपटक प्रतिनिधिसभालाई विघटन गरी नयाँ निर्वाचनको सिफारिस गर्नुको निहितार्थ बुझ्नु आवश्यक छ। विपक्षी दलमा रहेको दुविधा तथा व्यापक अविश्वासका कारण नै तीन महिनामा नयाँ सरकार गठनको विकल्प दिन सकेनन्।

यद्यपि, सरकारको विपक्षमा रहेका राजनीतिक दलले प्रधानमन्त्री ओलीको विकल्पमा जुनसुकै बखत पनि नयाँ सरकार गठन गर्ने दाबी गर्दै आएका थिए। बाह्य रूपमा नयाँ सरकार गठनको चर्चा जुन रूपमा भए पनि भित्री रूपमा विपक्षी दलमात्रै होइन, ती दलभित्रका अलग-अलग गुटसमेत आ-आफ्नो स्वार्थमा लिप्त रहेका कारण पनि उनीहरूबीच सहमति जुट्न सकेन।

देशमा राजनीतिक अस्थिरता निम्तिन नदिन तथा राजनीतिक दलभित्र व्यापक टुटफुटको अवस्था उत्पन्न नहोस् भन्ने उद्देश्यले पनि नयाँ निर्वाचन अपेक्षित र सान्दर्भिक हुन गएको छ। प्रधानमन्त्रीद्वारा प्रतिनिधिसभालाई विघटन गरी नयाँ निर्वाचनका निमित्त गरिएको सिफारिसको न्यायिक उपचार खोज्न सर्वोच्च अदालत पुग्ने काम पनि भएको छ। तर, यसपाली त्यहाँबाट पनि विपक्षीहरू खालीहात नै फर्किने सम्भावना देखिन्छ। हुन त विपक्षी दलहरू पनि भित्रभित्रै चुनावको तयारीमा लागिपरेका देखिन्छन् तर पनि केही उपलब्धि हुन सक्ला ? कि भन्ठानेर अदालतमा गएका हुन्। तिनलाई निर्धारित समयभन्दा एक/डेढ वर्ष अघि नै जनतामा पुग्दा के जवाफ दिने ? भन्ने डर पनि हुन सक्छ तर निर्वाचन नै वर्तमान समस्याको एकमात्र समाधान हो।

प्रधानमन्त्रीको सिफारिसलाई असंवैधानिक दाबी गर्ने विपक्षी दल स्वयम् आफ्नै तर्कबाट पनि पराजित हुने सम्भावना रहेको देखिन्छ। एकातिर नेपालको संविधान २०७२ को धारा ७६ को उपधारा ३ बमोजिम नियुक्त प्रधानमन्त्रीले उपधारा ४ बमोजिम ३० दिनभित्रमा विश्वासको मत लिनुपर्थ्यो, त्यसो गरिएन भन्दै छन् विपक्षीहरू। अर्कोतिर सोही प्रावधानअन्तर्गत नेपाली काँग्रेस संसदीय दलका नेता शेरबहादुर देउवालाई प्रधानमन्त्री किन नियुक्ति गरिएन ? भन्दै विरोध पनि गरिरहेका छन्। के विपक्षी दलहरूको दाबीअनुसार नै शेरबहादुर देउवालाई प्रधानमन्त्री नियुक्त नगरिएकै कारण उनीहरू अदालतमा पुगेका हुन् त ? एउटै प्रावधानअन्तर्गत विपक्षी दलका नेतालाई प्रधानमन्त्री नियुक्त गर्दा त्यो संवैधानिक र कसैलाई पनि नियुक्त नगर्दा त्यो असंवैधानिक कसरी हुन सक्छ ?

नेपालको संविधान २०७२ को धारा ७६ (५) मा उपधारा ३ बमोजिम नियुक्त प्रधानमन्त्रीले उपधारा (४) बमोजिम विश्वासको मत प्राप्त गर्न नसकेमा उपधारा (२) बमोजिमको कुनै सदस्यले प्रतिनिधिसभामा विश्वासको मत प्राप्त गर्न सक्ने आधार प्रस्तुत गरेमा राष्ट्रपतिले त्यस्तो सदस्यलाई प्रधानमन्त्री नियुक्त गर्नेछन् भन्ने प्रावधान छ। यसमा स्वतन्त्र सदस्य अथवा आफ्नो पार्टीबाट विद्रोह गरी आएका प्रतिनिधिसभाका सदस्यलाई मात्रै विशेषाधिकार प्रदान गरिएको छ भन्ने छैन। धारा ७६ को २ मा पनि प्रस्ट रूपमा लेखिएको छ कि उपधारा १ बमोजिम प्रतिनिधिसभामा कुनै पनि दलको स्पष्ट बहुमत नरहेको अवस्थामा प्रतिनिधिसभामा प्रतिनिधित्व गर्ने दुई वा दुईभन्दा बढी दलको समर्थनमा बहुमत प्राप्त गर्न सक्ने प्रतिनिधिसभा सदस्यलाई राष्ट्रपतिले प्रधानमन्त्री नियुक्त गर्नेछन् भन्ने उल्लेख छ। प्रतिनिधिसभाका सदस्यको परिभाषाभित्र दलका र स्वतन्त्र सांसदलाई पनि जनाएको देखिन्छ। फेरि विपक्षी दलले पनि नेपाली काँग्रेसको संसदीय दलको नेतालाई नै प्रधानमन्त्रीका रूपमा प्रस्तावित गरेको छ। नेपाली कांग्रेसको संसदीय दलको नेताको दाबीलाई संविधानसम्मत र नेकपा एमालेको संसदीय दलको नेताको दाबीलाई असंवैधानिक कसरी मान्ने ?

नेपाली काँग्रेसकै एक वरिष्ठ नेताका अनुसार पनि एक-एक सांसदलाई जोडेर प्रधानमन्त्री बन्ने धारा ७६ (५) होइन, यदि कसैले यस्तो परिकल्पना गरेको छ भने त्यो बहुदलीय संसदीय पद्धतिकै अपमान हो। धारा ७६ (५) मा उपधारा २ बमोजिमको सदस्यको उल्लेख गर्नु नै दलहरूको निमित्त हो। धारा ७६ (५) बमोजिम नेपाली काँग्रेस संसदीय दलका नेता देउवाको दाबीलाई पुष्टि गर्न पार्टी फुट्नुको विकल्प थिएन। के भोलि कसैले नेपाली काँग्रेसलाई पनि फुटाएर बहुमत साबित गर्ने प्रयास गर्‍यो भने राजनीतिक नैतिकताको हिसाबले ठीक होला ? प्रश्न नेपाली कांग्रेसलाई छ।

नेपालको संविधान २०७२ को धारा ७६ (७) मा उपधारा ५ बमोजिम नियुक्त प्रधानमन्त्रीले विश्वासको मत प्राप्त गर्न नसकेमा वा प्रधानमन्त्री नियुक्त हुन नसकेमा प्रधानमन्त्रीको सिफारिसमा राष्ट्रपतिले प्रतिनिधिसभा विघटन गरी छ महिनाभित्र प्रतिनिधिसभाको निर्वाचन सम्पन्न हुनेगरी निर्वाचनको मिति तोक्नेछ भन्ने उल्लेखित छ। एककिसिमले धारा ७६ (७) राष्ट्रपतिको स्वविवेकीय अधिकार पनि हुन जान्छ। नेकपा एमाले संसदीय दलका नेता ओलीले आफ्नो पार्टीका १२१ र जनता समाजवादी पार्टीका ३२ जना सांसदको समर्थनको दाबी गर्नुभएको थियो। उहाँको दाबीमा दुवै दलका पार्टी अध्यक्ष र संसदीय दलका नेताको समर्थनपत्र पनि थियो जब कि विपक्षी दलको तर्फबाट नेपाली काँग्रेस संसदीय दलका नेता शेरबहादुर देउवाको पक्षमा उहाँकै पार्टी, नेकपा माओवादी केन्द्र र नेकपा एमालेको विभाजित समूह र जसपाको पनि विभाजित समूहकै समर्थन हासिल थियो। तीन दर्जनभन्दा बढी सांसदको समर्थनको दाबी दुवैतिर देखिएका कारण नै राष्ट्रपतिले भरसक कुनै पनि पक्षको दाबीलाई विश्वास गर्न सक्नुभएन र धारा ७६ (३) अन्तर्गत प्रतिनिधिसभाको सबैभन्दा ठूलो दल नेकपा एमालेको नेताको हैसियतले नियुक्त प्रधानमन्त्रीको सिफारिसका आधारमा प्रतिनिधिसभाको विघटन गर्न बाध्य हुनुभयो।

नेपालको संविधान २०७२ को निर्माण नेपाली कांग्रेसकै नेतृत्वको सरकारका पालामा भएको थियो। जनता समाजवादी पार्टी नेपालका प्रमुख नेता डा. बाबुराम भट्टराई संविधानसभाको संविधान मस्यौदा समितिका संयोजक। त्यसैगरी, संविधान निर्माणमा नेकपा माओवादी केन्द्र र राप्रपा नेपालको पनि सक्रिय सहभागिता थियो। नेकपा एमालेले त शुरुदेखि नै वर्तमान संविधानप्रति निष्ठा व्यक्त गर्दै आएको छ, भनिरहेको छ- यदि संविधानमा केही कमजोरी अथवा त्रुटी छ भने आमसहमतिमा संशोधनमार्फत यसलाई सच्याउन पनि सकिन्छ।

२०७७ फागुन १३ मा सर्वोच्च अदालतको निर्णय आएपछि विपक्षी दलसित ओली सरकारलाई दिइराखेको समर्थन फिर्ता लिने अथवा अविश्वास प्रस्ताव दर्ता गराउने विकल्प पनि थियो तर साहस जुटोस् कसरी ? धारा ७६ (२) अनुसार प्रधानमन्त्री ओलीले बहुमत जुटाउन नसकेपछि उहाँ पदमुक्त पनि हुनुभएकै थियो। विपक्षीहरू यस अवधिमा पनि बहुमत जुटाउने प्रयासमा असफल भए किन ?

त्यसैले विरोधका लागि मात्रै विरोध गर्नुको कुनै अर्थ भएन। यसपालि सर्वोच्च अदालतले पनि सरकारकै पक्षमा निर्णय दिने सम्भावना छ किनभने यसपालि संविधानतः सरकार गठनका सबै प्रावधानको उपयोग भइसकेको छ। तसर्थ पनि निर्वाचन अवश्यम्भावी छ। विपक्षीहरू संविधानका धाराहरूको गलत व्याख्या र आपसी मतभेदका कारण समस्या भोग्न अभिशप्त छन्।

(लेखक राजनीतिक विश्लेषक हुनुहुन्छ।)

# दुई मात्रा खोप लगाएका मानिसले मास्क लगाउनुपर्छ कि पर्दैन ?

**संजीव गिरी**

केही साताअघि अमेरिकाको सेन्टर फर डिजीज कन्ट्रोल एन्ड प्रिभेन्शन (सीडिसी) ले पूर्ण खोप लगाइसकेका अमेरिकीहरूले बाहिर खुला क्षेत्रमा हिँड्डुल गर्दा मास्क लगाउन नपर्ने घोषणा गऱ्यो ।

नयाँ मापदण्डमा उसले खोपका आवश्यक मात्रा लगाइसकेका मानिसलले एक्लै हुँदा वा खोप लगाइसकेका अन्य व्यक्तिहरूको सानो समूहमा अनुहार ढाक्नु नपर्ने उल्लेख गऱ्यो। अमेरिकामा जस्तै नेपालमा पनि खोपको दुवै मात्रा लगाएका व्यक्तिहरूले मास्क लगाउनु नपर्ने कतिपयको धारणा रहेको पाइन्छ ।

तर चिकित्सक तथा विज्ञहरूले भने तुलनात्मक रूपमा समृद्ध राष्ट्रको व्यवस्था सिको गर्ने सक्ने अवस्थामा नेपाल नरहेको र नेपाली परिवेशमा खोप लगाइसकेका व्यक्तिहरूले समेत मास्क प्रयोग गर्नुपर्ने बताउँछन् ।

**किन मास्क लगाउनुपर्छ त ?**

यति बेला विश्वभरि कोरोनाभाइरसका विभिन्न प्रकारहरू फैलिरहेका छन् । त्यसमा पनि सबैभन्दा बढी सङ्क्रामक भनिएको डेल्टा भेरियन्ट नेपालमा पनि पुष्टि भएको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जनाएको छ ।

अमेरिका र ब्रिटेनमा समेत डेल्टा भेरिअन्ट फैलिरहेको देखिएको र अल्फा भेरिअन्ट को तुलनामा त्यो 'झण्डै ५० देखि ६० प्रतिशत बढी सङ्क्रमणशी' देखिएको सङ्क्रामक रोग विशेषज्ञ डा. अनूप सुवेदी बताउँछन् ।

कोभिडको यो प्रकारमा नेपालमा पनि दिइएको अक्सफर्ड-आस्ट्राजेनेकाले विकास गरेको खोपको 'दुवै मात्रा चाहिने जस्तो देखिएको' उनको भनाइ छ ।

यस्तो सङ्क्रमणशीलता धेरै भएको भेरिअन्ट थोरै भुलचुक हुँदा समेत सर्न सक्ने भएकाले मास्क नलगाई हिँडडुल गर्न सकिने अवस्था नरहेको विज्ञहरूको मत छ । यस्ता नियमहरू डाइनामिक (परिवर्तनशील) भए। कुन बेला कतिवटा भेरिअन्ट फैलिएको छ, कति मात्रामा फैलिएको छ, त्यसबाट खतरा कस्तो छ र त्यसका आधारमा यस्ता मास्कसम्बन्धी गाइडलाइन फेरिने भए । खोपले के गर्छ भन्ने स्पष्ट छ। दुई मात्रा लगाएका मानिसलाई खोपले थेग्छ । उनीहरू सिकिस्त हुन सक्ने सम्भावना कम हुन्छ- सुवेदीले भने ।

सबैलाई खोप उपलब्ध गराउन सक्ने सरकारको क्षमता भए पनि कतिपय बिरामीको विभिन्न कारणवश खोप लगाउन नमिल्ने हुन सक्छ । त्यस्तै रोग प्रतिरोधी क्षमता कम भएकाले खोप लगाए पनि खोपले काम नगर्ने हुन्छ । उनीहरूलाई जोगाउन अरूले मास्क लगाउनै पर्ने हुन् छ । समाजमा त्यस्ता भल्नरेबल (जोखिममा रहेका) जनसंख्या सँधै भइरहेको हुन्छ ।

**सबैले खोप नपाएकाले पनि मास्क 'अनिवार्य'**

नेपालमा हालसम्म २४ लाख २२ हजार जनाभन्दा केही बढी मानिसले कोभिड खोपको पहिलो मात्रा प्राप्त गरेका छन् भने ६,९१,४९४ जनाले दोस्रो मात्रा प्राप्त गरेका छन् । समुदायमा ठूलो अनुपातमा खोप लगाएको क्षेत्रमा मास्क नलगाउने कल्पना गर्न सकिन्छ । तर हाम्रो चाहिँ समुदायमा खोप लगाउने मानिस यति कम छन् कि हामीले अहिले नै मास्क लगाउनुपर्ने सम्भावना चाहिँ खोपकै कारणले त्यो सम्भावना भन्दा धेरै पर छौं- सुवेदीले भने ।

नेपालमा लगाइएका खोपहरूको प्रभावकारिता कति छ र तिनले कति एन्टीबडी बनाए भन्ने कुरा हेर्न सकिने अवस्था नरहँदा नेपालमा ढुक्कसँग मास्क नलगाउन सिफारिस गर्न नसकिने इपिडियोमोलजी तथा रोग नियन्त्रण महाशाखाका (ईडीसीडी) पूर्व निर्देशक डा. वासुदेव पाण्डे बताउँछन् ।

हुन त हाम्रा अस्पतालहरूमा आएका बिरामीहरू हेर्दा जसले खोप लगायो तिनमा सके त सङ्क्रमण नै कम भयो, सङ्क्रमण भएकै भए पनि गम्भीर नभएको भन्ने हाम्रो प्रारम्भिक ठम्याइ छ । हाम्रोमा लगाइएको खोपको प्रभावकारिता हामीले हेर्छौं र त्यसले कति एन्टिबडी बनायो हेरेर पर्याप्त एन्टिबडी छ न्यूट्रलाइजेशन गर्न सक्छ, भाइरस छिरे पनि एन्टिबडीले काम गर्न सक्छ भन्न सक्थ्यौं ।

त्यस्तो अध्ययन गर्न नसक्ने र अरू देशकै भर पर्नुपर्ने हुँदा हामीले त्यो रिस्क लिन सक्दैनौं- पाण्डेले भने । इडीसीडीका अर्का पूर्वप्रमुख बाबुराम मरासिनीका अनुसार 'प्रयोगात्मक हिसाबले आएका खोपहरूले' कति समय काम गर्छन भन्ने कुरा ठ्याक्कै निर्क्योल भई नसकेको अवस्थामा एकपटक मास्क खोलिसकेपछि सर्वसाधारणहरूलाई पुनः मास्क लगाउनुपर्ने रहेछ भन्न गाह्रो हुने तर्क गर्छन् ।

दुवै खोप लगाइएकालाई पनि फाट्टफुट्ट सङ्क्रमण हुने तर धेरै अप्ठेरो सङ्क्रमण नहुने भन्ने कुरा आइरहेको छ । त्यस कारण मास्क लगाइराख्नु नै उचित हुन्छ- मरासिनीले भने । जबसम्म खोपले कति काम गर्छ भन्ने दुई-तीन वर्षको अनुभव हुँदैन तबसम्म मास्क खोल्ने कुराबारे सोच्न नहुने आफ्नो व्यक्तिगत धारणा रहेको उनले बताए ।

**दुवै मात्रा लगाएकाले मास्क लगाउनुपर्छ कि पर्दैन ?**

दुवै मात्रा खोप लगाएका मानिसहरूको भेट हुँदा 'मास्कको जरुरत कम पर्ने सक्ने' चिकित्सकहरू बताउँछन् । तर उनीहरू आफैं सङ्क्रमणका कारण बिरामी नहुने भए पनि अरूलाई सार्न सक्ने डा. सुवेदीको भनाइ छ ।

हाम्रो समुदायमा अहिले पनि सङ्क्रमणको भार बढी छ । त्यस कारण खोपभन्दा पनि समुदायमा महामारीको भार कति छ त्यसको आधारमा सायद यो मास्कको आवश्यकता कति छ भन्ने कुरा परिवर्तन हुन्छ ।



समुदायमा सङ्क्रमण पटक्कै छैन भने थोरै मान्छेले खोप लगाए पनि मास्क लगाउनुपर्दैन- सुवेदीले भने । नेपालको ठूला सहर संसारकै सबैभन्दा प्रदूषित स्थानमा पर्ने हुँदा यी क्षेत्रमा बस्नेहरूले सामान्य अवस्थामा पनि मास्क प्रयोग गर्नुपर्ने चिकित्सकहरू बताउँछन् ।

यस्ता ठाउँमा साधारण मास्क मात्रै नभएर एन९५ मास्क नै लगाउनुपर्नेमा उनीहरूको जोड छ । पाण्डेका अनुसार खोप लगाएका व्यक्तिहरूले 'सुपर स्प्रेडर' बनेर अरूलाई सङ्क्रमण सार्न सक्ने अवस्था रहन सक्छन् ।

त्यस कारण पनि 'सीरोप्रेभलन्स' अध्ययन वा खोप प्राप्त गरिसकेका केही व्यक्तिहरूलाई छनोट गरेर कति एन्टिबडी बस्छ (खोपबाट), उनीहरूले सार्न (सङ्क्रमण) सक्ने अवस्था छ छैन भन्ने अध्ययन नगरी अरूकै जस्तो गरी मास्क नलगाउन नमिल्ने उनी बताउँछन् ।

**के मास्क लगाउँदा अक्सिजन नपुग्ने हुन्छ ?**

डा. सुवेदी भन्छन् मास्क लगाउँदा श्वासप्रश्वास सम्बन्धी दीर्घकालीन समस्या वा शरीरलाई चाहिने अक्सिजन अपुग हुने भन्ने हुँदैन । 'कतिपय पेसाका मानिसहरूले सधैं मास्क लगाइरहेका हुन्छन् । हामी डाक्टर, नर्सहरूले सबैजसो अस्पतालभित्र सधैं मास्क लगाइराख्छौं'- उनले भने । जापान, ताइवान, चीन र हङ्रुकङजस्ता मुलुकमा मास्क धेरै लगाउँदा पनि स्वास्थ्यमा कुनै समस्या परेको कुरा नआएको उनी बताउँछन् ।

**कोभिडबाट जोगिन कस्तो मास्क लगाउनुपर्छ ?**

शुक्रराज ट्रोपिकल तथा सरुवा रोग अस्पताल टेकुको क्लिनिकल रिसर्च युनिटका प्रमुख डा. शेरबहादुर पुनका अनुसार विगतमा एउटा मास्क लगाउने गरिएकोमा पछिल्लो समय दुई वटा लगाउन भनिएको छ ।

दुइटा मास्क लगाउँदा कोरोनाभाइरसबाट जोगिने विषयमा केही न केही प्रभावकारी रहेको उनी बताउँछन् । बजारमा फरकफरक किसिमका मास्क पाइने र तिनको प्रयोग पनि आवश्यकता बमोजिम गरिनुपर्ने उनी बताउँछन् ।

विशेषगरी बढी प्रयोग गरिने मास्कमा सर्जिकल मास्क, कपडाको मास्क र एन९५ मास्क हुन् । एन९५ भनेको अस्पतालमा स्वास्थ्यकर्मीहरूले लगाउने मास्क हो- उनले भने । त्यस्तै सर्जिकल मास्क 'यूज एन्ड थ्रो' गर्नुपर्ने अर्थात् एकपटक प्रयोग गरेपछि फेरि प्रयोग नगर्दा राम्रो हुने उनी बताउँछन् ।

धोएर लगाउँदा पनि पत्रहरू बिग्रिएर जति मात्रामा फाइदा हुनुपर्ने हो त्यति फाइदा नहुन सक्छ । कपडाको मास्क पनि प्रभावकारी छ भनिएको छ । यसलाई भने धोएर पनि प्रयोग गर्न सकिन्छ- उनले थपे । वीवीसी

**कांग्रेसका नेताहरु भन्छन्**

# वर्तमान सरकार 'इतिहासकै निकम्मा र नालायक'

**विर्तामोड, असार १।** नेपाली कांग्रेसका विभिन्न तहका नेताहरुले कम्युनिष्ट नेतृत्वको वर्तमान सरकार 'इतिहासकै निकम्मा र नालायक' भएको आरोप लगाएका छन् ।

नेपाली कांग्रेस झापाको आयोजनामा सम्पन्न भर्चुअल बैठकमा कोभिड महामारी नियन्त्रणको पूर्वतयारी, संविधानको रक्षाका सवालमा कामै गर्न नसकेको सरकार 'इतिहासकै लाछी' भएको जिकिर गरेका हुन् ।

कार्यक्रमलाई प्रमुख अतिथिको रुपमा सम्बोधन गर्दै नेपाली कांग्रेसका पूर्व महामन्त्री कृष्णप्रसाद सिटौलाले सरकारले बेलैमा सरकारी अस्पतालको स्तरउन्नति, खोप खरिद, अस्पतालहरुमा अक्सिजन प्लान्ट जडान लगायतका पूर्वतयारी गरेको भए यतिधेरै जनताको ज्यान कोभिडका कारण नजाने उल्लेख गर्दै सरकारको अकर्मण्यताका कारण धेरैले ज्यान गुमाउनुपरेको बताए ।

संविधान मिचेर सत्ता टिकाउने काममा सरकार सक्रिय रहेको उल्लेख गर्दै पूर्व उपप्रधानमन्त्री तथा संविधान मस्यौदा समितिका संयोजक समेत रहनुभएका नेता सिटौलाले भने- 'सरकारकै कारण देशको राजनीति संकट उन्मुख छ, सर्वोच्च अदालतले संसद पुनर्स्थापना गरेरै छाड्ने मलाई विश्वास छ ।'

भौतिक रुपमा सडक संघर्ष गर्ने अवस्था नरहेपनि वैचारिक र नीतिगत दृष्टिकोणबाट सरकारका गलत कामको विरोध गरिरहेको बताउँदै उनले पार्टीभित्र बृहत् एकता गरेर पार्टीको आन्तरिक चुनावमा स्वस्थ प्रतिष्पर्धा गर्न पनि कार्यकर्तालाई निर्देशन दिए । कोभिड संक्रमणबाट थलिएका प्रत्येक जनताको घरदैलोमा पुगेर सहानुभूति प्रकट गर्न सुझाएका नेता सिटौलाले अति विपन्न परिवारलाई राहतको व्यवस्था गर्न समेत निर्देशन दिए ।

कार्यक्रमका विशेष अतिथि तथा युवा नेता नेपाली कांग्रेसका प्रवक्ता विश्वप्रकाश शर्माले नेपाली कांग्रेसले प्रविधिको प्रयोगमार्फत क्रियाशिल सदस्यता नवीकरण र नयाँ सदस्यता वितरणको



कार्य अन्तिम चरणमा पुऱ्याएको बताउँदै प्रविधिमार्फत नै मनोनयन दर्ता र महाधिवेशनका सम्पूर्ण प्रक्रिया पूरा गर्न सकिने जानकारी दिए ।

कार्यक्रममा बोल्दै कांग्रेस केन्द्रीय सदस्य केशवकुमार बुढाथोकीले विपदमा कांग्रेस अभियान चलाएर कोभिड, बाढी, पहिरो, नदीकटान जस्ता प्रकोपमा प्रकोप पीडितको घर-घरमा पुग्ने अभियान सञ्चालनको पूर्वतयारी योजना बनाउन आग्रह गरे ।

कांग्रेस केन्द्रीय सदस्य सुधिरकुमार शिवाकोटीले संवैधानिक रुपमा पार्टीको महाधिवेशन नगरी पनि नहुने र गर्दा पनि असाधारण हुने अवस्था रहेको बताउँदै यसको उचित निर्णय केन्द्रीय समितिले लिने बताए ।

कांग्रेस केन्द्रीय सदस्य सरिता प्रसाईले मुलुकको संविधानको रक्षा, कोरोना भाइरसको व्यवस्थापन र पार्टीको महाधिवेशन कांग्रेसका प्रमुख जिम्मेवारी रहेको उल्लेख गर्दै पार्टीको बैधता समाप्त हुने हुँदा महाधिवेशन निर्धारित समयमा गर्नैपर्ने बाध्यता रहेको बताए ।

नेपाली कांग्रेस झापाका सभापति उद्धव थापाको सभापतित्व र प्रवक्ता लोकराज ढकालको सहजीकरण तथा प्रविन निरौलाको प्राविधिक सहयोगमा सम्पन्न कार्यक्रममा कांग्रेस नेताहरु पूर्णानन्द शर्मा, रामकुमारी पौडेल, सीता पौडेल, राजेन्द्र रिजाल, दीपक तामाङ, पदम प्रसाई, सुन्दरा लुहागुन, गोमा भट्टराई, देउमान थेवे, भक्ति सिटौला, अन्तर्राष्ट्रिय झापाली समाज उपाध्यक्ष नवीन पोखरेल, गोविन्द पौडेल, क्षेत्रीय सभापतिहरु मणि उप्रेती, खगेन्द्र मैनाली, गणेश पोखरेल, जयनारायण शाह, ढुण्डिराज भण्डारी लगायतले कोरोना भाइरस संक्रमणको अवस्था, राहत वितरण, पार्टीको चौधौ महाधिवेशन, सरकारका गतिविधि लगायतका विषयमा आ-आफ्ना धारणा राखेका थिए ।

धारणा राख्ने अधिकांश बक्ताहरुले सरकारले कोभिड नियन्त्रणमा प्रभावकारी पूर्वतयारी गर्न नसक्दा धेरै जनता ज्यान गुमाउन बाध्य भएको, आफू पनि खरिद नगर्ने र निजी क्षेत्रलाई खरिदको अनुमति समेत नदिने सरकारी अकर्मण्यताका कारण अबको तीनबर्षमा पनि सबै जनताका लागि खोप आउने सम्भावना कम रहेको, प्रधानमन्त्री केपी ओलीले आफ्नो सत्ता टिकाउने रक्षाकवचको रुपमा राष्ट्रपति र कोभिड संक्रमणलाई लिएको, राष्ट्रपति पनि देश र जनताको पक्षमा नभई प्रधानमन्त्रीको कुर्सी जोगाउन मात्रै लागि परेको धारणा राखेका थिए ।

संवैधानिक व्यवस्थाका कारण पार्टीको महाधिवेशन गर्नैपर्ने बाध्यता रहेको जनाउँदै अधिकांश बक्ताहरुले अब भने तोकिएकै समयमा महाधिवेशन गर्ने आधार तय गर्न केन्द्रीय समितिलाई आग्रह गर्दै 'एक व्यक्ति एक पद'को अवधारणा अनुसार पार्टी महाधिवेशन गर्न सके संगठन पनि सुदृढ बन्ने र योगदान गरेका पार्टी कार्यकर्ताले उचित स्थान पाउने धारणा राखेका थिए ।

जिल्लामार्फत नै मतदानको व्यवस्था गरेर भए पनि महाधिवेशनमा जोड दिएका बक्ताहरुले पार्टीको महाधिवेशनलाई एकताको महाधिवेशन बनाउनुपर्ने, पार्टी महाधिवेशन सँगसँगै नजिकिएको स्थानीय तहको निर्वाचनको तयारी समेत गर्नुपर्ने, प्रधानमन्त्री के.पी. शर्मा ओलीको निरंकुशता र निरन्तर संविधानमाथिको प्रहार रोक्न उपयुक्त नीति निर्धारण र विरोधका कार्यक्रम गर्नुपर्ने, भ्याक्सिन आयातका लागि सरकारलाई दबाब दिनुपर्ने र कोभिड संक्रमणका कारण जारी लकडाउनले चुलो बाल्न नै समस्या भएका सर्वसाधारणलाई राहतको व्यवस्थापन गर्नुपर्नेमा जोड दिएका थिए । कार्यक्रममा धन्यवाद ज्ञापन पार्टीका उपसभापति राम कट्टेलले गरेका थिए ।


**छापाखाना**
बिभिन्न किसिमको विवाह कार्ड उपलब्ध छ
फोटोकपि | स्टाम (छाप) | अफसेट प्रिन्ट | स्क्रीन प्रिन्ट | फ्लेक्स प्रिन्ट | होर्डिङ्ग बोर्ड | लेमिनेशन | डिजिटल प्रिन्ट | लगायत छपाई सम्बन्धि सम्पूर्ण काम गरिन्छ
लेमिनेशन भिजिटिङ्ग कार्ड चाहिएको छ, हामिलाइ सम्झनुहोस
७ बार १२ महिना सञ्चालनमा
घिमिरे अफसेट प्रेस बिर्तामोडमा
अतिथिसदन उत्तरपट्टिको घर
फोन नं. ०२३-५४२१५९, ९८४२६२५३५३/९८१४०३६३४४

**सेफ्टी ट्याङ्की तथा ढल सफाई**
अत्याधुनिक ट्रर्वो (Trabo) प्रविधि सिस्टमको ठूलो ट्याकीबाट सस्तोमा दुगर्न्धरहित हजुरहरुको सेफ्टी ट्यांकी सरसफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।
'चट्ट फोन झट्ट सेवा'



सम्पर्कः ०२३-५५०६२०
९८४२६५५७००, ९८०४९३८१००

**साझा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई**
झापामै पहिलोपटक भ्याकुम सिष्टमको ठूलो र सस्तो ढल तथा सेफ्टी ट्याङ्की सरसफाईको लागि हामीलाई सम्झनुहोस् ।



सम्पर्कः ९८१४९९३७१२, ९८२४९८११७४, ९८४२६७७८५५, ९८६२६४८२८२

**सुरक्षा गार्डको आवश्यकता**
२५ वर्ष माथि ५० वर्षसम्म उमेर भएका पुरुष र २० वर्षदेखि ३० वर्ष उमेर भएका महिला सेक्युरिटी गार्डको आवश्यकता परेको हुँदा इच्छुकले तु-सम्पर्क गर्नुहोला ।
भू.पू. आर्मी, प्रहरीलाई विशेष ग्राह्यता ।
विराट गोर्खा सेक्युरिटी प्रा. लि.
सम्पर्क कार्यालय बिर्तामोड
सिटी सेन्टर पूर्व, देवी कलेज रोड
फोन : ९८४२६२५०२०, ९८०४७३१५६८, ९८०४५६७८७२

**हाडजोर्नी तथा नसाका समस्याहरूको सफल उपचार**
पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार ।
जाँच तथा उपचार हुने समस्याहरु
- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ ।
- प्लाराइसीस भएका तथा हिंड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ ।
स्पार्क पूर्वाञ्चल अस्पताल, कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३-५४०१२३, ९८०३१५४६१९)

**चिनारी राजश्व सेवा सेन्टर**
- अनलाइन कर भुक्तानी/कर चुक्ता प्रमाणपत्र
- पर्सनल पान नम्बर पनि बनाइन्छ ।
- सरकारी निकायमा व्यवसाय दर्ता गर्नको लागि कागजात तयार गर्ने ।
- लेखा परीक्षण /VAT BILL सम्बन्धी काम
मो. ९८०४९७६५०६, ९८४२६४५३७५

**ताप्लेजुङ-पाथीभरा सफल यात्रा**
बिर्तामोडबाट ताप्लेजुङ हुँदै पाथीभरा मन्दिरसम्म साथै थेचम्बू, मेमेङसम्मको सफल यात्राका लागि हामीलाई सम्झनुहोस् ।



ताप्लेजुङ पाथीभरा काउन्टर
मो. ९८०३२५०४७२/९८०१३६४०९३

**अर्जुनधारा यातायात प्रा.लि.द्वारा सञ्चालित आरमदायी यात्रा**
बिर्तामोडबाट रवि विहान ९ बजे गाडी नम्बर १७९९ अनुप, ९८४२६९८२४८, ५४६ उत्तम ९८४२६७२८२४, चन्द्र ५२६- ९८६७९९३४९१ साथै समालटार, २:१५ बजे सानुबर्दू २:४५ बजे दैनिक सेवा उपलब्ध छ ।
अध्यक्षः गोपाल घिमिरे (९८४२६८४७५६), बिर्तामोड काउन्टर सीताराम आचार्यः ९८४२६२३१५२

सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला ।
**झापा सेफ्टी ट्यांकी तथा ढल सफाई**
बिर्तामोड सम्पर्क
राजुकुमार श्रेष्ठ
९८५२६४६००५
९८०६०१०४१०
९८४२६३४६२७
०२३-५४६००५



दमक सम्पर्कः
देवी सिटौला
९८२४९७९१८५
९८४२७६०२६५
९८४२३३२४३०
झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ ।




ज्यो. मधुसूदन रिजाल
(स्वर्णपदक विजेता)
वैदिक ज्योतिष परामर्श केन्द्र
शनिश्चरे रोड, बिर्तामोड (९८४२०५७४९९)

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -** प्रयत्न गर्दा विशेष स्थान प्राप्त हुनेछ । विभिन्न अवसरले पछ्याउनेछन् भने भविष्यका लागि विशेष काममा जग बसाउने अवसर जुट्नेछ ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) -** मेहनतले नाम, दाम र इनाम दिलाउन सक्छ। कामको सन्दर्भमा विशिष्ट व्यक्तिहरूसँग मित्रता बढ्नेछ ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -** नोकरी तथा व्यापार-व्यवसायमा लाग्नेहरूलाई विशेष फाइदा होला । रुचीका विषयमा लगानी बढाउने अवसर मिल्नेछ ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -** आफ्नै वचनबद्धता पालना गर्न नसक्ने स्थिति आउला । अरूका काममा समय बित्न सक्छ । बोल्दा विचार पुऱ्याउनुपर्ला ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -** चिताएको काम बीचैमा रोकिनाले दोहोऱ्याउनुपर्ने स्थिति आउला । आशा देखाउनेहरूले धोका दिनेछन् ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -** प्रयत्न गर्दा केही काम बन्नेछन् । धेरैलाई फाइदा हुने काम सम्पादन गर्न सकिनेछ । अस्वस्थताका बाबजुद जिम्मेवारी थपिनेछन् ।

**तुला (र, रि, रू, रे, रो, ता, ति, तु, ते) -** अरूका विषयमा चासो लिँदा झमेला आइलाग्न सक्छ । अवसर जुटे पनि ठूलो उपलब्धि हातलागी नहुने देखिन्छ ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -** स्वास्थ्य कमजोर रहनेछ भने पहिलेको योजना स्थगित हुन सक्छ । जोखिम हुने काम थालनी गर्नुअघि विचार पुऱ्याउनुहोला ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -** समस्या दर्शाउँदा सहयोगीहरूले साथ दिनेछन् र आंशिक सफलता मिल्नेछ । आस मारेको कामले उत्साह जगाउनेछ ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -** सुन्दर पहिरनले व्यक्तित्व निखार्दै अवसर हातपार्ने समय छ । रमाइलो तथा व्यावसायिक यात्रा हुन सक्छ ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -** अतिथिका रूपमा सत्कार समेत पाइएला । मनपर्ने भौतिक साधन जोड्ने समय छ । आयवर्द्धक काम प्रारम्भ गर्न सकिनेछ ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -** एकपछि अर्को अवसर आउनाले मन प्रसन्न रहनेछ । आफन्त र साथीभाइबाट सहयोग जुट्नाले काममा हौसला मिल्नेछ ।